**आकाशवाणी समाचार- नेपाली**

मितिः १८ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगाल र बिहारमा विभिन्न विकाश परियोजनाहरुको शिलान्यास गर्नु गर्नुहुनेछ|

२. केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले स्वस्थ्य भारतको लागि सरकारले समग्र दृष्टिकोणका साथ काम गरिरहेको बताउनु भएको छ।

३. चुनाव आयोगले बिहारमा विशेष गहन पुनरीक्षण अभियान अन्तर्गत हालसम्म सात करोड आठ लाखभन्दा बढी फारम प्राप्त भएको बताएको छ, जुन कुल मतदाताको 89 दशमलव सात प्रतिशत हो।

४. मौसम विभागले आज राजस्थान र दक्षिण कर्नाटकमा धेरै भारीदेखि अत्यन्तै भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

५. हंगेरीको बुडापेस्टमा भएको पोलाक इम्रे र वर्गा जानोस मेमोरियल २०२५ कुस्ती प्रतियोगितामा सुजित कालकलले स्वर्ण पदक जितेका छन्|

**प्रधानमन्त्री-पश्चिम बंगाल**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगालको पश्चिम बर्दवान जिल्लाको दुर्गापुरमा पाँच हजार करोड रुपियाँभन्दा बढी मूल्यका तेल र ग्यास, विद्युत, सडक र रेल क्षेत्रका धेरै विकास परियोजनाहरूको शिलान्यास गर्नु हुनेछ र सम्पन्न परियोजनाहरू राष्ट्रलाई समर्पित गर्नु हुनेछ। उहाँ दिउँसो ३ बजे कार्यक्रममा सामेल हुनु हुनेछ। प्रधानमन्त्रीले पश्चिम बंगालको बांकुरा र पुरुलिया जिल्लामा लगभग एक हजार 950 करोड़ रुपियाँको लागतमा भारत पेट्रोलियम कर्पोरेशन लिमिटेड-बीपीसीएलको शहर ग्यास वितरण परियोजनाको शिलान्यास गर्नु हुनेछ। यस परियोजनाले घरपरिवार, व्यावसायिक प्रतिष्ठान र औद्योगिक ग्राहकहरूलाई पीएनजी जडान प्रदान गर्नेछ, खुद्रा पसलहरूमा सीएनजी उपलब्ध गराउनेछ र यस क्षेत्रमा रोजगारीका अवसरहरू पनि सिर्जना गर्नेछ।प्रधानमन्त्रीले दुर्गापुर-हल्दिया प्राकृतिक ग्यास पाइपलाइनको दुर्गापुर-कोलकाता पाइपलाइनको १३२ किलोमिटर खण्ड राष्ट्रलाई समर्पित गर्नु हुनेछ। यसलाई प्रधानमन्त्री ऊर्जा गंगा परियोजनाको रूपमा पनि चिनिन्छ। एक हजार 190 करोड़ रुपपियाँभन्दा बढी लागतमा दुर्गापुरदेखि कोलकाता खण्ड पश्चिम बंगालको पूर्वा वर्धमान, हुगली र नादिया जिल्लाहरू हुँदै जान्छ। यो पाइपलाइनले यसको कार्यान्वयन चरणमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गर्छ र अब यस क्षेत्रका लाखौं घरपरिवारलाई प्राकृतिक ग्यास आपूर्ति गर्न सहज बनाउनेछ। श्री मोदीले एक हजार 457 करोड़ रुपियाँभन्दा बढी लागतमा दुर्गापुर स्टील थर्मल पावर स्टेशनको प्रवर्द्धन प्रदूषण नियन्त्रण प्रणाली-फ्लु ग्यास डिसल्फुराइजेसन-एफजीडी र दामोदर उपत्यका निगमको रघुनाथपुर थर्मल पावर स्टेशन राष्ट्रलाई समर्पित गर्नुहुनेछ। प्रधानमन्त्रीले ३९० करोड रुपियाँभन्दा बढी लागतमा पुरुलियामा ३६ किलोमिटर लामो पुरुलिया-कोटशिला रेल लाइनको दोहोरोकरण कार्य पनि राष्ट्रलाई समर्पित गर्नुहुनेछ।

**प्रधानमन्त्री-बिहार**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहारको पनि भ्रमण गर्नुहुनेछ। श्री मोदीले बिहारको मोतिहारीमा सात हजार दुई सय करोड़ रुपियाँ बराबरको विकास परियोजना राष्ट्रलाई समर्पित गर्ने वा शिलान्यास गर्नु हुनेछ। यसमा सफ्टवेयर प्रविधि पार्क, चार नयाँ अमृत भारत रेल र सडक परियोजनाहरू समावेश छन् जसले जनताका लागि अवसरको ढोका खोल्नेछ। यसमा समस्तीपुर-बछौरा रेल लाइनमा स्वचालित सिग्नलिङ प्रणाली र दरभंगा-थलवारा र समस्तीपुर-रामभद्रपुर रेल लाइनहरूको दोहोरोकरण समावेश छ। उहाँले

पटनाको पाटलीपुत्रमा वन्दे भारत रेलहरूको मर्मतसम्भारको लागि पूर्वाधार विकासको लागि पनि शिलान्यास गर्नु हुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले बिहारमा शिलान्यास गर्नु हुने विभिन्न परियोजनाहरु बारेमा प्रस्तुत छ,
हाम्रा सम्बाददाताको यो रिपोर्ट – **बाइट**

**नड्डा- स्वास्थ्य**

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले स्वस्थ्य भारतको लागि सरकार समग्र दृष्टिकोणका साथ काम गरिरहेको बताउनु भएको छ। हिजो नयाँ दिल्लीमा एक कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै श्री नड्डाले सरकारले एक लाख 77 हजार आयुष्मान आरोग्य मन्दिरहरू स्थापना गरेको बताउनु भएको छ जुन स्वास्थ्य संस्था भएका कुनै पनि व्यक्तिको लागि सम्पर्कको पहिलो बिन्दु हो। उहाँले यी शहरहरूमा मात्र नभई देशका दुर्गम क्षेत्रहरूमा पनि सञ्चालन भइरहेको जानकारी दिनु भयो। उहाँले भन्नु भयो, यी सबै आयुष्मान आरोग्य मन्दिरहरू टेलि-परामर्श सुविधाहरूले पनि सुसज्जित छन्।

**गोयल- वाणिज्य**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भिडियो कन्फरेन्समार्फत ६१ देशका ७४ भारतीय मिसनहरूमा तैनाथ वाणिज्य शाखाका प्रमुखहरूसँग अन्तरक्रिया गर्नुभयो। यस क्रममा, श्री गोयलले भारतको विश्वव्यापी व्यापार र व्यावसायिक संलग्नता रणनीतिको समीक्षा गर्नुभयो र यसलाई सुदृढ पार्ने तरिकाहरूबारे छलफल गर्नुभयो। बैठकमा, प्रमुख भारतीय मिसनहरूले व्यापार प्रवर्द्धन गतिविधिहरू, बजार पहुँच चुनौतीहरू र क्षेत्रीय मुद्दाहरूमा विस्तृत प्रस्तुतीकरणहरू गरे। वाणिज्य तथा उद्योग मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, श्री गोयलले भारतीय निर्यात प्रवर्द्धन र आयोजक देशहरूसँग बलियो संलग्नतालाई सहज बनाउन यी मिसनहरूको जिम्मेवारीमा जोड दिनुभयो। श्री गोयलले बजार प्रवृत्ति, क्षेत्रीय विकास र नियामक ढाँचाहरूमा जानकारीसहित सक्रिय व्यापार खुफिया जानकारी सङ्कलन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। वाणिज्य मन्त्रीले विश्व व्यापार संगठन जस्ता बहुपक्षीय मञ्चहरूबाट भारतसँग सहकार्य गर्ने प्रयासहरूमा पनि जोड दिनुभयो, विशेष गरी कृषि, खाद्य सुरक्षाको लागि सार्वजनिक भण्डारण र मत्स्य पालन अनुदान जस्ता प्रमुख क्षेत्रहरूमा भारतसित साथ र सहयोग गर्ने प्रयासहरुमा जोड दिनु भयो।

**निर्वाचन आयोग-बिहार**

चुनाव आयोगले बिहारमा विशेष विशेष गहन पुनरीक्षण अभियान अन्तर्गत हालसम्म सात करोड आठ लाखभन्दा बढी फारम प्राप्त भएको बताएको छ, जुन कुल मतदाताको 89 दशमलव सात प्रतिशत हो। संशोधन अभियानको लागि अब आठ दिन मात्र बाँकी छ र राज्यमा मतदाता सूचीको मस्यौदा १ अगस्टमा प्रकाशित हुँदैछ। यस सम्बन्धमा, राज्यका दुई सय एकसठ्ठी शहरी निकाय संस्थाहरूको पाँच हजार ६८३ वार्डहरूमा विशेष शिविरहरू आयोजना गरिँदैछ।आयोगले एक दशमलव पाँच-नौ प्रतिशत मतदाता मृत फेला परेको बताएको छ। दुई दशमलव दुई प्रतिशत स्थायी रूपमा सरेका छन् र चार दशमलव पाँच-तीन प्रतिशत मतदाताहरू आफ्नो ठेगानामा फेला परेका छैनन्। आयोगले यो पनि भनेको छ, अस्थायी रूपमा राज्य बाहिर सरेकाहरूले पनि आयोगको वेबसाइट वा **ईसीआईनेट ऐप**मा आफ्नो फारम बुझाउन सक्छन्।मतदाताहरूले आयोगको वेबसाइट वा **ईसीआईनेट ऐपमा** आफ्नो आवेदन फारमको स्थितिको बारेमा जानकारी प्राप्त गर्न सक्छन्।

**रक्षा-मिसाइलहरू**

रक्षा मन्त्रालयले भनेको छ, छोटो दूरीको ब्यालिस्टिक मिसाइलहरू - पृथ्वी-द्वितीय र अग्नि-प्रथमको हिजो ओडिशाको चण्डीपुरमा रहेको एकीकृत परीक्षण रेंजबाट सफलतापूर्वक परीक्षण गरिएको छ। मन्त्रालयले भनेको छ, यी प्रक्षेपणहरूले सबै सञ्चालन र प्राविधिक मापदण्डहरू पूरा गरेका छन्। यी परीक्षणहरू रणनीतिक बल कमाण्डको नेतृत्वमा गरिएको थियो।
**बाइट**

**आईएनएस निस्तार**

भारतीय नौसेनाले आज विशाखापट्टनममा आफ्नो पहिलो स्वदेशी डाइविंग सपोर्ट पोत-डीएसवी आईएनएस निस्तारलाई जलावतरण गर्नेछ। निस्तार' संस्कृत शब्द हो जसको अर्थ उद्धार वा मुक्ति हो। विशाखापट्टनममा रहेको हिन्दुस्तान शिपयार्ड लिमिटेडले

स्वदेशी रूपमा डिजाइन गरिएको डिजाइनबाट जहाज निर्माण गरेको छ जुन रक्षा क्षेत्रमा आत्मनिर्भरतातर्फ एक प्रमुख कदम हो। 120 एमएसएमईहरूको योगदान र ८० प्रतिशतभन्दा बढी स्वदेशी सामग्रीको साथ, यो जहाज विश्वव्यापी मापदण्डहरू पूरा गर्ने प्राविधिक रूपमा उन्नत प्लेटफर्महरू निर्माण गर्ने भारतको क्षमताको प्रमाण हो।

**मौसम**

मौसम विभागले आज राजस्थान र दक्षिण आन्तरिक कर्नाटकमा धेरै भारीदेखि अत्यन्तै भारी वर्षा हुने पूर्वानुमान गरेको छ। मौसम विभागले आज तटीय कर्नाटक, केरला, माहे, तमिलनाडु, पुडुचेरी, कराइकल, पश्चिम मध्य प्रदेश र पश्चिम उत्तर प्रदेशमा भारीदेखि धेरै भारी वर्षा हुने पूर्वानुमान गरेको छ। आन्ध्र प्रदेश, तेलंगाना, पूर्वी मध्य प्रदेश, पूर्वी उत्तर प्रदेश, हिमाचल प्रदेश र उत्तराखण्ड सहित उत्तरपूर्वी भारतमा पनि यस्तै अवस्थाको अपेक्षा गरिएको छ। यसैबीच, आगामी सात दिनमा उत्तरपश्चिम, पश्चिम, उत्तरपूर्व, पूर्व, मध्य र दक्षिणी प्रायद्वीप भारतमा मेघगर्जनसहित तेज हावा र बिजुली चल्ने अनुमान गरिएको छ। दिल्ली एनसीआरमा, आईएमडीले आज बादल लागेको आकाश र मध्यम वर्षाको पूर्वानुमान गरेको छ।

कुस्ती

हंगेरीको बुडापेस्टमा हिजो भएको पोलाक इम्रे र वर्गा जानोस मेमोरियल २०२५ कुस्ती प्रतियोगितामा सुजित कालकलले ६५ किलोग्राम पुरुष फ्रिस्टाइल वर्गमा स्वर्ण पदक जिते। भारतीय पहलवानले फाइनलमा उत्कृष्ट प्रदर्शन गर्दै चार पटकका युरोपेली पदक विजेता अजरबैजानका अली रहिमजादेलाई ५-१ ले पराजित गरे। यो यस वर्ष कुनै पनि र्‍याङ्किङ शृङ्खला प्रतियोगितामा भारतीय पहलवानले जितेको पहिलो स्वर्ण पदक थियो। यसअघि, भारतीय पहलवानहरूले अम्मान र मंगोलियामा हार बेहोर्नु परेको थियो।सुजितको फाइनल यात्रा उत्कृष्ट रह्यो किनकि उनले राउन्ड अफ १६ मा पेरिस २०२४ ओलम्पिक कांस्य पदक विजेता अल्बानियाका इस्लाम दुदायेभमाथि ११-० को शानदार जित दर्ता गरे। त्यसपछि उनले क्वार्टरफाइनलमा फ्रान्सका युरोपेली रजत पदक विजेता खामजात अर्सामेरजाउएभलाई पराजित गरे र त्यसपछि सेमिफाइनलमा आर्मेनियाका भाजगेन तेभान्यानमाथि ६-१ को जित हासिल गरे।

****** ० ******